# कांँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक






❐ वर्ष : २५ ❐ अंक : २६७ ❐ बिहीवार, २५ असार, २०८३ ❐ Thursday, 9 July 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०


# सडकभन्दा कमजोर सुरक्षा

## *दुर्घटनाको हप्ता दिन बित्दा पनि गाडी र चार यात्रु बेपत्ता, संसददेखि सडकसम्म उठ्यो उद्धार क्षमता र सडक सुरक्षाको प्रश्न*

❐ कांँक्रेविहार संवाददाता

सुर्खेत, २४ असार

कर्णाली राजमार्गलाई 'मृत्युमार्ग' भनिएको प्रतिनिधिसभाको बहस सकिएको भोलिपल्टसम्म पनि कर्णाली नदीमा खसेको फोर्स गाडी र त्यसमा सवार चार यात्रुको अवस्था अज्ञात रहँदा कर्णालीको सडक सुरक्षा, उद्धार संयन्त्र र राज्यको तयारीमाथि ठुलो प्रश्न उठेको छ। दुर्घटना भएको छ दिन बितिसक्दा पनि खोजी अभियान निष्कर्षमा पुग्न नसक्दा पीडित परिवार थप चिन्तित बनेका छन् भने दुर्गम क्षेत्रमा हुने सडक दुर्घटनाप्रति राज्यको संवेदनशीलतामाथि समेत प्रश्न उठेको छ।

असार १८ गते बिहान सुर्खेतबाट कालीकोटतर्फ जाँदै गरेको कर्णाली प्रदेश ०२-००१ ख १०५५ नम्बरको फोर्स गाडी दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-७ स्थित साँगेतडा क्षेत्रमा सडकबाट करिब ४ सय मिटर तल कर्णाली नदीमा खसेको थियो। दुर्घटनामा एक यात्रुको उपचारका क्रममा मृत्यु भएको थियो भने चालक, सहचालकसहित अन्य चार जना नदीमा बेपत्ता भएका छन्। बिहीबारसम्म पनि गाडी र बेपत्ता यात्रुको कुनै अत्तोपत्तो लाग्न सकेको छैन।

### उच्च बहाव र साँघुरो खोंचले उद्धार कठिन

जिल्ला प्रशासन कार्यालय दैलेखका अनुसार दुर्घटनास्थल अत्यन्त साँघुरो खोँचमा रहेको र नदीको बहाव तीव्र भएकाले खोजी अभियान जटिल बनेको छ। पानी अत्यधिक धमिलो भएकाले गोताखोरलाई समेत नदीभित्र काम गर्न कठिनाइ भइरहेको छ। खोजीका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका टोली परिचालन गरिएका



छन्। हेलिकोप्टर, ड्रोन, सोनार क्यामेरा तथा म्याग्नेटजस्ता आधुनिक उपकरण प्रयोग गरिए पनि गाडी वा बेपत्ता यात्रुको कुनै संकेत भेटिएको छैन। दुर्घटनास्थलदेखि बर्दिया-कैलाली सीमासम्म नदी क्षेत्रमा समेत खोजी गरिएको सुरक्षा निकायले जनाएको छ।

### दुर्घटना मात्र होइन, प्रणालीको कमजोरी

दुर्घटनापछि अर्को गम्भीर प्रश्न यात्रुको वास्तविक संख्यालाई लिएर पनि उठेको छ। प्रहरीका अनुसार गाडीमा पाँच जना यात्रु थिए भने छ। तर सुर्खेतदेखि दैलेखसम्म कुनै पनि सुरक्षा निकायसँग गाडीमा कति यात्रु थिए भन्ने आधिकारिक विवरण नरहेको पाइएको छ। कर्णाली राजमार्गमा हुने दुर्घटना नयाँ विषय होइन। करिब दुई दशकअघि सञ्चालनमा आएको यो राजमार्गमा सयौँ सवारी दुर्घटना भइसकेका छन्। प्रत्येक वर्ष दर्जनौँ नागरिकले ज्यान गुमाइरहेका छन् भने हजारौँ घाइते र अपाङ्गता भएका छन्।

नेपाल प्रहरीको तथ्यांकअनुसार कर्णालीमा दैनिक तीनभन्दा बढी सवारी दुर्घटना हुने गरेका छन्। गत आर्थिक वर्षमा प्रदेशभर करिब एक हजार दुर्घटनामा झण्डै १ सय ४० जनाको मृत्यु भएको थियो। चालु आर्थिक वर्षमा पनि दुर्घटना र मृत्युको संख्या लगभग उस्तै रहेको देखिएको छ।

कर्णाली राजमार्ग दुर्घटनाले प्रतिनिधिसभामा समेत गम्भीर बहस जन्माएको छ। सांसदहरूले कर्णालीलाई 'मृत्युमार्ग'मा परिणत हुन दिएको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन्। दुर्घटनापछि उद्धारमा ढिलाइ भएको, आवश्यक उपकरणको अभाव रहेको तथा दुर्गम क्षेत्रका नागरिकको जीवन सुरक्षाप्रति राज्य गम्भीर नदेखिएको आरोप सांसदहरूले लगाएका छन्। सभामुखबाट सरकारलाई खोजी कार्य तीव्र बनाउन, उद्धार प्रणालीको समीक्षा गर्न तथा आवश्यक कदम चाल्न निर्देशनसमेत दिइएको छ।

### पूर्वमन्त्रीले दिए सुधारका पाँच प्राथमिकता

पूर्व भौतिक पूर्वाधार तथा यातायात मन्त्री माधव चौलागाईंले कर्णाली राजमार्गलाई 'जीवनमार्ग' बनाउन तत्काल पाँच काम गर्नुपर्ने सुझाव दिएका छन्। उनले सबै सवारी साधनको अनिवार्य यान्त्रिक परीक्षण (फिटनेस टेस्ट) लागू गर्ने, जोखिमयुक्त घुम्ती र भीरमा क्र्यास ब्यारियर निर्माण गर्ने, सडकको नियमित मर्मत र खाल्डाखुल्डी तत्काल पुरिने व्यवस्था गर्ने, पहिरो हटाउन आवश्यक भारी उपकरण कर्णालीमै स्थायी रूपमा राख्ने, र दुर्घटनापछि तत्काल परिचालन हुने द्रुत उद्धार तथा खोजी टोली स्थापना गर्ने सुझाव दिएका छन्। उनका अनुसार यी उपाय प्रभावकारी रूपमा कार्यान्वयन गर्न सके सडक दुर्घटना उल्लेख्य रूपमा घटाउन सकिनेछ।

### राजमार्गलाई 'जीवनमार्ग' बनाउने चुनौती

सरकारले कर्णाली राजमार्ग स्तरोन्नतिका लागि आगामी आर्थिक वर्षमा करिब एक अर्ब रुपैयाँ बजेट छुट्याएको छ। तर सडक विस्तार मात्र पर्याप्त नहुने, सुरक्षित सडक, प्रभावकारी उद्धार प्रणाली, आधुनिक उपकरण, प्रशिक्षित जनशक्ति र द्रुत प्रतिक्रिया संयन्त्रको विकास सँगसँगै अघि बढाउनुपर्ने आवश्यकता यस दुर्घटनाले फेरि उजागर गरेको छ।

दैलेख दुर्घटनाको छ दिन बित्दा पनि गाडी र चार यात्रुको अवस्था अज्ञात रहनु एउटा परिवारको मात्र पीडा होइन, कर्णालीको समग्र सडक सुरक्षा प्रणालीमाथि उठेको गम्भीर प्रश्न हो। जबसम्म पूर्वाधारसँगै सुरक्षा र उद्धार क्षमतामा सुधार हुँदैन, कर्णाली राजमार्गलाई 'मृत्युमार्ग' भन्ने नागरिकको पीडा अन्त्य हुने देखिँदैन।

## कर्णालीमा दुई दिनमा १ अर्ब ५७ करोड खर्च

❐ कांँक्रेविहार संवाददाता

सुर्खेत, २४ असार

कर्णाली प्रदेश सरकारले दुई दिनमा कुल बजेटको ४.७४ प्रतिशत बजेट खर्च गरेको छ। सोमबार र मंगलबार गरी दुई दिनमा १ अर्ब ५७ करोड ३८ लाख ९८ हजार ६९७ रुपैयाँ खर्च गरेको हो।

असार २१ गतेसम्म कुल वार्षिक बजेटमध्ये १५ अर्ब २४ करोड २६ लाख ७७ हजार ८८१ रुपैयाँ खर्च गरेको सरकारले मंगलबार बेलुका ५ बजेसम्म १६ अर्ब ८१ करोड ६५ लाख ७६ हजार ५७८ रुपैयाँ खर्च भएको प्रदेश लेखा नियन्त्रकको कार्यालयले जनाएको छ।

चालु आर्थिक वर्ष (२०८२/०८३) मा सरकारले ३२ अर्ब ९९ करोड ६६ लाख ५५ हजार बराबरको कुल बजेट ल्याएको थियो। तर सरकारले जेठ मसान्तसम्म कार्यान्वयनमा गति देखाउन सकेको थिएन।

११ महिना अर्थात् जेठ मसान्तसम्म कुल बजेटको ३६.२६ प्रतिशत अर्थात् १२ अर्ब ३ करोड ५६ लाख ५ हजार ८५४ रुपैयाँ खर्च गरेको सरकारले असारमा २३ दिनमा ४ अर्ब भन्दा धेरै बजेट खर्च गरेको छ।

अब बुधबार र बिहीबारसम्म कुल बजेटको ५२ प्रतिशतसम्म खर्च पुग्ने अनुमान गरिएको छ।

अर्थमन्त्री राजीवविक्रम शाहले असार मसान्तसम्म कुल बजेटको ६३.५२ प्रतिशत अर्थात् २० अर्ब ९६ करोड २० लाख खर्च हुने अनुमान गरेका थिए।

आगामी आर्थिक वर्षका लागि ल्याएको बजेटको खर्च व्यहोर्ने स्रोतमा ६ अर्ब ४१ करोड रकम बचत रकम भनेर राखिएको छ। यद्यपि १८ अर्ब रकम पनि कार्यान्वयन जनाले विश्लेषण मन्त्रालयका अधिकारीहरुको छ। चालु वर्षको झण्डै १२–१३ अर्ब रकम फ्रिज जाने आकलन गरिएको छ।

## डिजाइनमै अल्झिए कर्णाली करिडोरका नौ पुल

❐ कांँक्रेविहार संवाददाता

हुम्ला, २४ असार

कर्णाली करिडोरअन्तर्गत खुलालु-सलीसल्ला खण्डमा निर्माण हुनुपर्ने नौ वटा पक्की पुलको काम अझै अघि बढ्न सकेको छैन। २०७९ साल असारमा डिजाइन एन्ड बिल्ड प्रक्रियामार्फत ठेक्का लागेका अधिकांश पुलको अन्तिम डिजाइन सडक विभागबाट समयमै स्वीकृत हुन नसक्दा निर्माण कार्य प्रभावित भएको हो।



हिल्सा-सिमकोट सडक योजनाको प्रमुख बेलबहादुर नेपालीका अनुसार कालीकोट खण्डको खुलालु खोला, सान्नीघाट खोला र पुगाड खोलामा पुल निर्माणको जिम्मा पाएको बोकाई बिल्डर्स प्रालिले करिब चार वर्षपछि मात्र सडक विभागबाट डिजाइन स्वीकृत गराएको छ। तर, डिजाइन स्वीकृत भए पनि निर्माण कार्य भने अझै सुरु हुन सकेको छैन।

उनका अनुसार निर्माण कम्पनीले तयार पारेको डिजाइन सडक विभागले पटक-पटक संशोधनका लागि फिर्ता पठाएकाले प्रक्रिया लम्बिएको हो। ती तीन पुल निर्माणका लागि हिल्सा-सिमकोट सडक योजनाले २०७९ असार ३० गते सम्झौता गरेको थियो। २०८२ असोज ३० गतेभित्र काम सम्पन्न गर्ने लक्ष्य राखिए पनि हालसम्म निर्माण सुरु हुन सकेको छैन।

तीनवटै पुलको डिजाइन स्वीकृत भइसकेकाले अब निर्माण कार्य अघि बढ्ने अपेक्षा गरिएको उनले बताए। यी पुल निर्माणका लागि १८ करोड २८ लाख २८ हजार ६०० रुपैयाँमा ठेक्का सम्झौता भएको थियो।

त्यसैगरी, बाजुरा र हुम्ला खण्डका छ वटा पुल निर्माणको जिम्मा पाएको लुम्बिनी-सिंह जेभीले सबै पुलको डिजाइन सडक विभागमा पेस गरे पनि हालसम्म चार वटाको मात्र स्वीकृति पाएको छ। जुड्डी खोला, बुड्डीघाट खोला, गल्फगाड र सर्केगाड (न्यासी)

बाँकी पृष्ठ २

## यस्ता छन् मन्त्रिपरिषद् बैठकका निर्णय

❐ कांँक्रेविहार संवाददाता

काठमाडौं, २४ असार

सरकारले काठमाडौं उपत्यका विकास प्राधिकरणको विकास आयुक्त पदमा सुरज शाक्यलाई नियुक्त गने निर्णय गरेको छ।

बुधवार बसेको मन्त्रिपरिषद् बैठकले शाक्यको नियुक्तिसहित ८ निर्णय गरेको सरकारका प्रवक्ता सस्मित पोखरेलले बताए।



**यी हुन् निर्णय**

- काठमाडौं उपत्यका विकास प्राधिकरणको विकास आयुक्त पदमा सुरज शाक्यलाई नियुक्त गर्ने।
- गेटा अस्पताल कैलालीलाई शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको शिक्षण अस्पतालको रुपमा सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने।
- विदेशी शैक्षिक कार्यक्रम सञ्चालन र नियमन नियमावली २०८३ स्वीकृत गर्ने।
- शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा सञ्चालन र ( व्यवस्थापन नियमावली २०८३ स्वीकृत गर्ने।
- कारागार नियमावली २०८३ स्वीकृत गर्ने।
- मानव अधिकार सम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना स्वीकृत गर्ने।
- भ्रष्टाचार विरुद्धको दोस्रो रणनीतिक योजना स्वीकृत गर्ने।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव गो विन्दबहादुर कार्कीलाई ने पाल सरकारको मुख्य सचिव पदमा नियुक्त गर्ने।

## सम्पादकीय

# दुर्घटना मात्र होइन, राज्यको परीक्षा पनि हो

कर्णाली नदीमा फोर्स गाडी खसेर भएको दुर्घटनाले फेरि एकपटक एउटा गम्भीर प्रश्न उठाएको छ । दुर्गम क्षेत्रमा विपद् पर्दा राज्य वास्तवमा कति तयार छ ? दुर्घटना भएको छ दिन बितिसक्दा पनि गाडीसहित चार जना यात्रु बेपत्ता रहनु केवल प्राकृतिक चुनौतीको परिणाम मात्र होइन, हाम्रो उद्धार प्रणालीको सीमित क्षमता र पूर्वतयारीको अभावको संकेत पनि हो । कर्णालीको भूगोल कठिन छ भन्ने तथ्य सबैलाई थाहा छ । तीव्र बहाव भएका नदी, गहिरा भीर, साँघुरा सडक र कमजोर सञ्चार पहुँच यहाँका स्थायी चुनौती हुन । तर यही चुनौतीलाई आधार बनाएर राज्य आफ्नो दायित्वबाट पछि हट्न सक्दैन । बरू यस्ता क्षेत्रका लागि विशेष उद्धार संयन्त्र, आधुनिक उपकरण, प्रशिक्षित जनशक्ति र पूर्वतयारी अझ सुदृढ हुनुपर्थ्यो ।

यस घटनामा सुरक्षाकर्मी, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले निरन्तर खोजी गरिरहेका छन् । हेलिकोप्टर, ड्रोन, गोताखोर, म्याग्नेट र सोनार क्यामेरासमेत परिचालन गरिएको छ । उनीहरूको प्रयासको सम्मान गर्नैपर्छ । तर यति धेरै प्रयासपछि पनि अपेक्षित सफलता नआउनुले उद्धार प्रणालीको क्षमता र स्रोतसाधनबारे पुनः समीक्षा आवश्यक भएको स्पष्ट देखिन्छ । घटनाले प्रतिनिधिसभासम्म प्रवेश गर्नु र सभामुखबाट सरकारलाई पहिलो पटक रुलिङ हुनु सामान्य विषय होइन । यसले दुर्घटनालाई केवल एउटा स्थानीय घटनाको रूपमा नभई राष्ट्रिय चासोको विषय बनाएको छ । सांसदहरूले उठाएका प्रश्नहरू पनि केवल एउटा दुर्घटनामा सीमित छैनन् । उनीहरूले दुर्गम क्षेत्रका नागरिकको जीवनप्रति राज्यको उत्तरदायित्व, उद्धारमा हुने ढिलाइ, आवश्यक उपकरणको अभाव र स्रोतको प्राथमिकतामाथि प्रश्न उठाएका छन् । यी प्रश्नहरूको उत्तर केवल घटनाको छानबिनले होइन, व्यवहारिक सुधारले दिनुपर्छ ।

कर्णालीमा सडक दुर्घटना नयाँ होइन । हरेक वर्ष यस्ता दुर्घटनाले नागरिकको ज्यान लिइरहेका छन् । दुर्घटनापछि खोजी तथा उद्धारमा देखिने कठिनाइ पनि दोहोरिने समस्या बनिसकेको छ । यसबाट पाठ सिकेर प्रदेश तथा संघीय सरकारले रणनीतिक स्थानमा उद्धार केन्द्र स्थापना गर्ने, आधुनिक सोनार प्रणाली, पानीमुनि खोजी गर्ने उपकरण, दक्ष गोताखोर र आकस्मिक उद्धार सामग्रीको स्थायी व्यवस्था गर्न अब ढिलाइ गर्नु हुँदैन । मेखे तिरुवाको शव पहिचान भएपछि एउटा परिवारले आफ्ना आफन्तको अन्तिम अवस्थाबारे जानकारी पाएको छ। तर अझै आफ्ना प्रियजनको प्रतीक्षामा रहेका परिवारको पीडा शब्दमा व्यक्त गर्न सकिँदैन । उनीहरूलाई आशा र अन्योलको बीचमा लामो समय राख्नु कुनै पनि संवेदनशील राज्यका लागि शोभनीय होइन । कर्णालीका नागरिकले मागेको विशेष सुविधा होइन, जीवनरक्षाको आधारभूत सुनिश्चितता हो । दुर्गम भूगोललाई नियति मानेर राज्यको जिम्मेवारी टार्ने समय अब समाप्त हुनुपर्छ । यो दुर्घटना सरकारका लागि एउटा चेतावनी हो । दुर्घटना भएपछि मात्र होइन, दुर्घटना हुनुअघि नै तयारी गर्ने प्रणाली निर्माण गर्न सकिएन भने यस्ता पीडा दोहोरिरहनेछन् । कर्णालीको पीडाले अब सुधारको बाटो देखाओस्, केवल केही दिनको बहसमा सीमित नहोस् ।

## सामुदायिक विद्यालय शिक्षाः
# गुणस्तरको अन्त्यहीन खोज



✍ रमेश गौतम

शिक्षा समाज निर्माणको मेरुदण्ड हो । कुनैपनि देशको शिक्षाको गुणस्तर शिक्षा नीतिमा निर्भर रहन्छ । शैक्षिक अवस्थाले देशको भविष्य तय गर्छ । शिक्षाले व्यक्तिलाई सशक्त, समुदायलाई बलियो बनाउँछ र समावेशी समाज निर्माण गर्छ । हामीले शिक्षालाई कक्षाकोठा तथा किताबमा मात्रै सीमित नगरी सार्वभौम बहुआयामिक क्षेत्रको रुपमा विकास गर्न आवश्यक छ ।

त्यही बहसको एउटा आयाम हो, सामुदायिक विद्यालयको गुणस्तर । यो जनाको भविष्यसँग अविछिन्न छ । नेपालमा सामुदायिक विद्यालय सस्तो शिक्षाको मात्र नाम होइन, यो समतामूलक शिक्षाको ऐतिहासिक आधार पनि हो । तर, पछिल्लो केही समययता अभिभावकहरू निजी विद्यालयतिर केन्द्रीकृत छन् । यसको कारण एउटै हो गुणस्तरको प्रश्न । नेपालमा 'शिक्षा ऐन २०२८' ले प्रत्येक बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षामा पहुँच दिलाउने व्यवस्था कानुनमा छ । संविधानले शिक्षालाई मौलिक हकको रुपमा व्याख्या गरेको छ । तर, अभ्यासमा नेपालमा दुई शिक्षा प्रणाली छन्, सरकारी र निजी ।

यसले शिक्षाको तटस्थतालाई कहिल्यै पुष्टि गर्दैन । शिक्षा वर्गीय हुन्छ भन्ने कुराको उदाहरण दुई शिक्षा पद्धति हुन् । यो शिक्षा अधिरचनाको अंग हो, जुन आर्थिक आधारबाट निर्धारित हुन्छ । अतः हाल आएर गुणस्तर भन्ने शब्द नै प्रतिस्पर्धा, लगानी र नाफाको भाषाको रुपमा स्थापित हुन पुगेको छ ।

सैद्धान्तिक रुपले शिक्षा व्यक्तिको ज्ञान, सीप, क्षमता, मूल्य, आचरण र व्यक्तित्वको सर्वाङ्गीण विकास गराउने निरन्तर प्रक्रिया हो । यसले मानिसलाई समाजमा जिम्मेवार, नैतिक र सक्षम नागरिक बन्न सहयोग गर्छ । शिक्षा केवल पुस्तक पढ्ने, परीक्षा पास गर्ने वा प्रमाणपत्र प्राप्त गर्ने कार्य मात्र होइन । त्यसैले केवल सूचना संकलन, रटाइ वा अंक प्राप्ति मात्र शिक्षाको वास्तविक स्वरूप होइन ।

सामान्यतः गुणस्तरीय शिक्षा भन्नाले व्यवहारिक जीवनउपयोगी शिक्षा हो, जसले व्यक्तिमा ज्ञानसिप, सकारात्मक सोच, नैतिक मूल्य-मान्यताको विकास गर्छ । गुणस्तरीय शिक्षाले कण्ठ गर्ने वा घोक्ने क्षमतालाई नभई सिकाइलाई जीवनमा प्रयोग गर्ने क्षमतालाई जोड दिन्छ ।

यस्तै गुणस्तरीय विद्यालय शिक्षा भनेको बालबालिकाको रुचि र क्षमताको विकास गरी उनीहरूलाई व्यवहारिक ज्ञान, सिप र आत्मनिर्भरता प्रदान गर्ने शिक्षा हो । समग्रमा सामुदायिक विद्यालयको शिक्षा गुणस्तर एक बहुआयामिक अवधारणा हो । यसको सुधारका लागि प्रभावकारी शिक्षण सिकाइ प्रक्रिया, सामाजिक न्याय र समावेशीकरण एवम् सुदृढ संस्थागत सुशासन तीनै पक्षलाई बलियो र प्रभावकारी रुपमा सम्बोधन गर्नुपर्दछ ।

त्यसका लागि विद्यालयभित्रको आन्तरिक सुधार मात्र पर्याप्त छैन, समुदायको सक्रिय सहभागिता र अनुकूल बाह्य वातावरणको पनि उत्तिकै अनिवार्य र अपरिहार्य आवश्यकता हुन्छ । नेपालको सन्दर्भमा सामुदायिक विद्यालयको शिक्षा गुणस्तर सुधारको मुख्य सैद्धान्तिक आधार विकेन्द्रीकरण, सहभागितामूलक विद्यालय व्यवस्थापन, विद्यालय सुधार योजना, शैक्षिक जवाफदेहिता र न्यूनतम विद्यालय मापदण्डमा आधारित छ ।

मुख्यतः यी आधारले विद्यालय, अभिभावक, समुदाय र स्थानीय सरकारको सहभागितामार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने अवधारणालाई जोड दिएको छ । यहाँनेर केही गम्भीर सैद्धान्तिक प्रश्न छन्, के नेपालको शिक्षाको गुणस्तरीयताको प्रश्न केवल व्यवस्थापन सुधारबाट मात्रै सम्भव छ ? वा सामुदायिक विद्यालय गुणस्तरीयता भाषिक शिक्षासँग सम्बन्धित छ ? वा संरचनागत नीतिगत खाडलहरु जिम्मेवार छन् ?

गुणस्तरीय तथा विद्यालय शिक्षा वा समग्र शिक्षाका सन्दर्भमा तमाम बहसहरु भएका छन् ।

सामुदायिक विद्यालय शिक्षाको इतिहासः

नेपालमा शिक्षाको इतिहास लामो भएपनि मुठ्ठीभर मान्छेको पहुँचमा मात्रै थियो । तर, राणा शासनको अन्त्यसँगै केही परिवर्तनहरु भए । मूलतः सामुदायिक विद्यालय शिक्षाको इतिहास सामन्ती असमानता, राजनीतिक परिवर्तन र नीतिगत उतारचढावको जटिल यात्रा बन्न पुग्यो । राणा शासनकालमा सन् १८५३-५४ तिर जंगबहादुर राणाले दरबार हाई स्कूल स्थापना गरेपनि यो केवल शासक वर्ग र उच्च जातिका सन्तानमा सीमित थियो, जसले शिक्षालाई जनताको हकभन्दा विशेषाधिकारको रूपमा स्थापित गर्यो । सन् १९५१ मा राणा शासनको अन्त्यपछि मात्र स्थानीय समुदायले आफ्नै पहलमा विद्यालय खोल्न थाले, जुन शिक्षाको विकेन्द्रीकरणतर्फको पहिलो तथा स्वतःस्फूर्त कदम थियो ।

वि.सं.२०२८ (सन् १९७१) मा लागू भएको राष्ट्रिय शिक्षा प्रणाली योजनाले 'सामुदायिक विद्यालय' को औपचारिक परिभाषा दिई सबै विद्यालयलाई राष्ट्रिय पाठ्यक्रममा आबद्ध गर्यो, तर पञ्चायती केन्द्रीकृत नीतिले सामुदायिक सहभागितामा गम्भीर बाधा पुर्यायो र विद्यालय व्यवस्थापनमा समुदायको भूमिका न्यून बन्यो ।

वि.सं.२०५८ को शिक्षा ऐनको सातौं संशोधनले भने विद्यालय व्यवस्थापन समितिलाई सर्वोच्च कार्यकारी निकायको मान्यता दिई अभिभावकलाई प्रत्यक्ष निर्वाचनमार्फत सहभागी गराउने, प्राथमिक शिक्षा पूर्ण निःशुल्क बनाउने, शिक्षक इजाजतपत्र प्रणाली लागू गर्ने र शिक्षकलाई राजनीतिमा संलग्न हुन निषेध गर्ने व्यवस्थाहरू गर्यो, जसको मूल उद्देश्य विद्यालय सञ्चालनको जिम्मेवारी स्थानीय समुदायलाई हस्तान्तरण गर्नु थियो ।

तर, यस संशोधनले विश्व बैंकको दबाबमा सार्वजनिक शिक्षाको निजीकरणको ढोका खोलेको भन्दै गम्भीर विरोध पनि भयो, किनभने यसले सरकारी दायित्व घटाउने, शिक्षकको स्थायित्वमा प्रश्न उठाउने र शिक्षालाई सामुदायिक जिम्मेवारीको नाममा सरकारले पछि हट्ने माध्यम बनाउने आशंका गरियो । २०७२ सालमा जारी संविधानले शिक्षालाई नागरिकको मौलिक हकको रुपमा संविधानमा लिपिबद्ध गर्यो । तत्पश्चात् विद्यालय शिक्षालाई अनिवार्य र निःशुल्क शिक्षाको रुपमा राखियो । तर, अहिलेपनि हामीले दुई शिक्षा नीति अवलम्बन गरिरहेका छौं । सामुदायिक विद्यालय शिक्षा शुरुवातको विशेषाधिकार, मध्यकालको केन्द्रीकृत नियन्त्रण र हालको सहभागितामूलक तर विवादास्पद विकेन्द्रीकरणको द्वन्द्वात्मक अवस्थाबाट गुज्रिरहेको छ, अर्थात देशमा दुई शिक्षा नीति अवलम्बन गरिएको छ, जसले शिक्षाको गुणस्तर, पहुँच र सार्वजनिक निजी द्वन्द्व नेपाली समाजमा हुने खाने र हुँदा खाने वर्ग बीच गहिरो खाडलको रुपमा रहेको छ ।

**सामुदायिक विद्यालयको अवस्थाः**

जुम्लाको तातोपानी गाउँपालिकामा रहेको नेत्रज्योति माध्यमिक विद्यालयको आर्थिक वर्ष २०८२-८३ सम्मको प्रतिवेदनअनुसार दुई वर्षअघि ३२७ रहेको कुल विद्यार्थी संख्या शैक्षिक सत्र २०८१-८२ मा बढेर ४४४ पुगेको थियो भने हाल ४८४ रहेको छ । यसले विद्यालयप्रति स्थानीय समुदायको विश्वास बढ्दै गएको संकेत गर्छ ।

# आमाको दूध प्रतिस्थापन गर्ने वस्तु बिक्री गरे कानुनी कारबाही गरिने



कांक्रेविहार संवाददाता
कालीकोट, २४ असार

कालिकोटको स्थानीय प्रशासन र जिल्ला स्वास्थ्य सेवा कार्यालयले आमाको दूध पिलाउनुको सट्टा बजारमा पाइने कृत्रिम दूध तथा अन्य आहार बिक्री-वितरणमा कडा रोक लगाएको छ । प्रशासनले खाँडाचक्र नगरपालिकाको मान्म, मोल्फा, पिली र तिलागुफा नगरपालिकाको गाल्जे तथा नाग्म बजार लगायतका प्रमुख व्यापारिक केन्द्रहरूमा आमाको दूध प्रतिस्थापन गर्ने अन्य दूध तथा आहार बिक्री गर्ने औषधि, किराना पसल लगायतका व्यावसायिक प्रतिष्ठानलाई त्यस्ता वस्तु बिक्री नगर्न निर्देशन दिएको हो ।

जिल्ला स्वास्थ्य सेवा कार्यालय कालिकोटका प्रमुख डा. रत्नवीर सुनारका अनुसार अनुगमनका क्रममा औषधि पसल तथा अन्य विभिन्न पसलमा आमाको दूधलाई प्रतिस्थापन गर्ने ल्याक्टोजिन, निप्पल जस्ता वस्तु प्रदर्शनमा राखेको पाइएको छ । उनले सामाजिक सञ्जाल वा अन्य माध्यमबाट त्यस्ता वस्तुको विज्ञापन गर्ने र बजारीकरण गर्ने कार्यलाई रोक्न कडा निर्देशन दिइएको बताए । आमाको दूध प्रतिस्थापन गर्ने (वस्तु बिक्री-वितरण नियन्त्रण) ऐन, २०४९ तथा नियमावली, २०५१ को पालना गराउन र आमा तथा शिशुको स्वास्थ्य अधिकार प्रवर्द्धन गर्नका लागि त्यस्ता वस्तुको बिक्री रोक्न लागिएको जिल्ला स्वास्थ्य सेवा कार्यालय कालिकोटका जनस्वास्थ्य अधिकृत कटकबहादुर महतले बताए । उनले सामाजिक सञ्जाल वा अन्य माध्यमबाट सो वस्तुको विज्ञापन र प्रदर्शन नगर्न व्यवसायीलाई सचेत गराइएको उल्लेख गर्दै भने, 'दिइएको निर्देशनलाई अटेरी गरेमा कानुनअनुसार कारबाही हुनेछ ।'

आमाको दूधमा शिशुका लागि आवश्यक सबै प्रकारका पोषक तत्व पाइने र यसले रोग प्रतिरोधात्मक क्षमता बढाउने भएकाले बजारिया दूध यसको विकल्प हुन नसक्ने खाँडाचक्र नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रवीन्द्र सेजुवालले बताए । बजारमा प्रतिबन्धित वस्तु फेला परेकाले तत्काल बिक्री रोक्न व्यवसायीलाई सुझाव दिइएको जानकारी दिँदै उनले भने, 'स्थानीय सरकारले ऐन विपरीतका वस्तुको बिक्री गरेको पाइएमा कानुनी कारबाही अघि बढाउने चेतावनी दिएको छ ।'

## डिजाइनमै...

खोलाका पुलको डिजाइन स्वीकृत भएको छ भने कवाडी खोला र अर्को गल्फागाड खोलाको पुलको डिजाइन अझै स्वीकृत हुन बाँकी रहेको छ ।

छ वटा पुलमध्ये हालसम्म जुड्डी खोलाको पुलमा मात्र निर्माण कार्य सुरु भएको छ । बाँकी पाँच पुलको निर्माण अझै सुरु हुन सकेको छैन ।

यी पुल निर्माणका लागि हिल्सा-सिमकोट सडक योजनाले २०७९ असार २८ गते लुम्बिनी-सिंह जेभीसँग सम्झौता गरेको थियो । २०८२ पुस २९ गतेभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको उक्त सम्झौताको लागत ४५ करोड ३१ लाख ५७ हजार ७५० रुपियाँ रहेको छ ।

योजनाका अनुसार खुलालु-सलीसल्ला खण्डका नौ पुलको निर्माणमा ढिलाइ हुनुको मुख्य कारण डिजाइन एन्ड बिल्ड प्रक्रियाअन्तर्गत डिजाइन स्वीकृतिमा भएको लामो विलम्ब हो ।

सम्झौताको अधिकांश समय डिजाइन स्वीकृतिमै बितेकाले निर्माणले गति लिन सकेन । यसका साथै निर्माण कम्पनीहरूको सुस्त कार्यसम्पादनले पनि ढिलाइ थपिएको योजनाको भनाइ छ ।

हालसम्म नौ पुलमध्ये दुई वटाको डिजाइन नै स्वीकृत भएको छैन भने स्वीकृत भएका सातमध्ये पनि छ वटाको निर्माण सुरु हुन सकेको छैन । यसले ती पुल कहिले सम्पन्न हुन्छन् भन्नेबारे अन्योल कायम रहेको छ ।

# डोल्पामा पहिलो पटक ई-पेन्सन सेवा सुरु



कांक्रेविहार संवाददाता

डोल्पा, २४ असार

हिमाली जिल्ला डोल्पामा पहिलो पटक निजामती कर्मचारीका लागि ई-पेन्सन पट्टा सेवा औपचारिक रूपमा सुरु गरिएको छ।

नेपाल सरकारले देशभर २०८२ चैत छ गतेदेखि लागू गरेको ई-पेन्सन प्रणाली डोल्पामा भने २०८३ असार २३ गतेबाट कार्यान्वयनमा आएको हो। डोल्पाबाट पहिलो ई-पेन्सन पट्टा प्राप्त गर्ने सेवानिवृत्त कर्मचारी शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जका पूर्वकर्मचारी सुउलाला रोकाया बनेका छन्। उनले अब पेन्सन सम्बन्धी सेवा लिन काठमाडौं धाउनुपर्ने बाध्यता अन्त्य भएको भन्दै जिल्लामै सेवा उपलब्ध हुन थालेपछि समय, खर्च र झन्झट तीनै पक्षमा राहत पुगेको बताए।

कोष तथा लेखा नियन्त्रक कार्यालय डोल्पाका प्रमुख जगत घर्तीले ई-पेन्सन प्रणाली लागू भएसँगै पेन्सन व्यवस्थापनलाई थप सरल, छरितो र पारदर्शी बनाउने विश्वास व्यक्त गरे।

उनले अनुसार हाल यो सेवा निजामती कर्मचारीका लागि सुरु गरिएको भए पनि सरकारको नीतिअनुसार आगामी दिनमा अन्य सरकारी सेवाबाट अवकाश प्राप्त कर्मचारीलाई समेत क्रमशः समेटिनेछ।

प्रमुख घर्तीले ई-पेन्सन प्रणालीले पेन्सनसम्बन्धी विवरण अद्यावधिक गर्न तथा आवश्यक कागजातका लागि पटक-पटक बैंक वा कार्यालय पुगुपर्ने झन्झट हटाउने बताए। यसबाट सेवाग्राहीले आफ्नै जिल्लाबाट सहज र प्रविधिमैत्री सेवा पाउने अपेक्षा गरिएको छ।

कार्यक्रममा कोष तथा लेखा नियन्त्रक कार्यालयका लेखापाल बृर्ख भण्डारीले ई-पेन्सन प्रणालीको आवश्यकता, महत्व, प्रभावकारिता तथा आगामी दिनमा विस्तार गरिने सेवाबारे जानकारी गराए।

दुर्गम जिल्ला डोल्पामा ई-पेन्सन सेवा सञ्चालन हुनु सेवा निवृत्त कर्मचारीका लागि महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ।

# नक्कली भुटानी शरणार्थी प्रकरणमा थप अनुसन्धान अघि बढाउन सरकारलाई नारायणकाजीको आग्रह

कांक्रेविहार संवाददाता

काठमाडौं, २४ असार

भुटानी शरणार्थी प्रकरणमा अदालतले मुख्य आरोपितहरूलाई दोषी ठहर गरेपछि नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का नेता तथा पूर्वगृहमन्त्री नारायणकाजी श्रेष्ठले घटनासँग जोडिएका अन्य शंकास्पद व्यक्तिमाथि थप अनुसन्धान अघि बढाउन सरकारसँग आग्रह गरेका छन्। श्रेष्ठले बुधबार सामाजिक सञ्जालमा स्टाटस लेखेर आफू गृहमन्त्री रहेका बेला तत्कालीन सरकारले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) मार्फत उक्त प्रकरणको अनुसन्धान गराई मुद्दा दायर गरिएको स्मरण गराएका छन्। अदालतले त्यतिबेला आरोपित मुख्य दोषीहरूलाई दोषी ठहर गरेको फैसला राष्ट्रको छवि नै धमिल्याउने घटनाको टुंगो लगाउने दिशामा महत्वपूर्ण भएको भन्दै उनले त्यसप्रति सन्तोष





व्यक्त गरेका छन्। श्रेष्ठले मुद्दा दायर गर्दा त्यतिबेलासम्मको अनुसन्धानबाट पुष्टि भएका व्यक्तिविरुद्ध मात्र अभियोग लगाइएको उल्लेख गर्दै अन्य धेरै व्यक्ति भने शंकाको घेरामा रहेकाले उनीहरूमाथि थप अनुसन्धान आवश्यक रहेको बताएका छन्। त्यतिबेला कानुनी समयसीमाभित्र मुद्दा दायर गर्नुपर्ने बाध्यताका कारण अनुसन्धानबाट पुष्टि भएका व्यक्तिविरुद्ध मात्र मुद्दा चलाइएको उनको भनाइ छ। अन्य व्यक्तिको हकमा थप अनुसन्धानको ढोका खुला राखिएको उनले बताए।

यस्तो छ उनको भनाइ

भुटानी शरणार्थी काण्ड सम्बन्धी मुद्दामा काठमाण्डौं जिल्ला अदालतले हिजो फैसला सुनाउँदै राज्य विरुद्धको अपराध,संगठित अपराध ,ठगी र किर्तेमा विभिन्न अभियुक्तहरुलाई दोषी ठहर गरेको छ र असार २९ गते सजाय निर्धारण गर्ने भएको छ।कड्ड प्रचण्ड नेतृत्वको सरकारमा मैले उपप्रधानमन्त्री तथा गृहमन्त्रीको कार्यभार सम्हालेको बेलामा सीआईबीद्वारा यो केसको गभीर अनुसन्धान गरी मुद्दा दायर गरिएको थियो।

अहिले अदालतले त्यतिबेला आरोपित मूल दोषीहरुलाई दोषी ठहर गर्ने फैसला गरेर राष्ट्रको छवि नै धमिल्याउने उक्त घटनाको टुंगो लगाउनु सन्तोषको विषय हो। तर म सरकारलाई के कुरा स्मरण गराउन चाहन्छु भने त्यतिबेला मुद्दा दायर गर्दा त्यसबेला सम्मको अनुसन्धानद्वारा पुष्टि भएको आधारमा सम्बन्धितहरूलाई मुद्दा लगाइएको थियो।

तर अन्य कैयौं व्यक्तिहरू शंकाको घेरामा तानिएका थिए र त्यसको लागि थप अनुसन्धानको आवश्यकता थियो।कानुनी रूपले मुद्दा बुझाउनै पर्ने समय आइसकेकोले अनुसन्धानद्वारा पुष्टि भएकाहरुलाई मुद्दा चलाई अन्यका हकमा थप अनुसन्धान खुला राखिएको थियो।तसर्थ सरकारलाई सम्बन्धित निकाय मार्फत थप अनुसन्धान अघि बढाउन ध्यानाकर्षण गराउन चाहन्छु।

# गोठालो भत्ताले किसानमा उत्साह



कांक्रेविहार संवाददाता

जुम्ला, २४ असार

कर्णाली प्रदेश सरकारले जुम्लाका व्यावसायिक भेडापालक किसानलाई प्रदान गर्दै आएको 'गोठालो भत्ता' कार्यक्रमले भेडापालन व्यवसायमा संलग्न किसानलाई केही राहत पुगेको छ।

भेडापालन व्यवसायको प्रवर्द्धन गर्दै किसानको आयस्तर सुधार गर्ने उद्देश्यले सञ्चालन गरिएको यो कार्यक्रमप्रति किसानले सकारात्मक प्रतिक्रिया दिएका छन्।

प्रदेश सरकारले पशु अस्पताल तथा पशुसेवा कार्यालयमार्फत वार्षिक रूपमा प्रतिकिसान १८ हजार रुपैयाँका दरले गोठालो भत्ता उपलब्ध गराउँदै आएको छ। किसानका अनुसार यो रकमले खर्क तथा पाटनमा भेडा चराउन आवश्यक पर्ने आधारभूत सामग्री व्यवस्थापन गर्न सहयोग पुगेको छ।

जुम्लाका आठ स्थानीय तहमध्ये पातारासी, गुठीचौर, तातोपानी र कनकासुन्दरी गाउँपालिकामा भेडापालन व्यवसाय बढी प्रचलित छ। तर, भेडापालन व्यवसाय प्राकृतिक विपत्तिको उच्च जोखिमसँग जोडिएको छ।

हरेक वर्ष बाढी, पहिरो, चट्याङ लगायतका घटनाबाट सयौं भेडाबाख्रा मर्ने गरेका छन्। पशु बिमा प्रभावकारी रूपमा लागू नभएका कारण किसानले क्षतिपूर्ति तथा राहतसमेत पाउन सकेका छैनन्।

स्थानीय किसान भीम बुढाका अनुसार प्रदेश सरकारले उपलब्ध गराएको गोठालो भत्ताले व्यवसाय सञ्चालनमा केही सहजता थपेको छ।

पशु अस्पताल तथा पशुसेवा कार्यालय जुम्लाका प्रमुख ज्ञानेन्द्रसिंह बुढथापाका अनुसार गत आर्थिक वर्ष पाँच सय ५० किसानले गोठालो भत्ता पाएका थिए भने चालु आर्थिक वर्षमा करिब चार सय २५ किसानलाई उक्त सुविधा उपलब्ध गराइएको छ।

भेडापालन व्यवसायलाई प्रोत्साहन गर्न जिल्लाका सबै स्थानीय तहका किसानलाई समेट्ने गरी कार्यक्रम सञ्चालन गरिएको कार्यालयले जनाएको छ।

कर्णाली प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यस कार्यक्रमलाई वार्षिक रूपमा निरन्तरता दिँदै आएको छ।

५० भन्दा बढी भेडाबाख्रा पाल्ने किसानले प्रतिमहिना एक हजार पाँच सय रुपैयाँका दरले अनुदान पनि प्राप्त गर्दै आएका छन्। यस योजनाबाट विशेषगरी पातारासी क्षेत्रका किसान बढी लाभान्वित भएका छन्।

कृषि उत्पादनसँगै भेडापालनको प्रमुख पकेट क्षेत्रका रूपमा परिचित पातारासीमा व्यावसायिक पशुपालन विस्तार भइरहेको छ। हाल जुम्लामा करिब एक हजार सात सय भन्दा बढी भेडापालक किसान रहेका छन् भने जिल्लाभर करिब ९० हजार भेडाबाख्रा पालिएको अनुमान गरिएको छ।

करिब ६९ हजार हेक्टर चरण क्षेत्र भए पनि चरण क्षेत्रको व्यवस्थापन, पशु रोगको समयमै उपचार, पशु बिमा कार्यक्रमको अभाव तथा प्राकृतिक विपत्तिका कारण किसानले अझै पनि विभिन्न चुनौती सामना गरिरहेका छन्।

किसानले भेडापालन व्यवसायलाई थप सुरक्षित र दिगो बनाउन राज्यबाट थप सहयोग र प्रभावकारी नीति आवश्यक रहेको बताएका छन्।

# सेवा सुधारमा सार्वजनिक सुनुवाइ





कांक्रेविहार संवाददाता

जाजरकोट, २४ असार

जिल्लाको शिवालय गाउँपालिकाले स्थानीय सरकारबाट प्रवाह हुने सेवाको गुणस्तर सुधार, पारदर्शिता र सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा स्थानीयवासीले शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, महिला तथा बालबालिकासम्बन्धी सेवा र विकास आयोजनाबारे सुझाव तथा गुनासा राखेका थिए।

शिवालय गाउँपालिका आठका कर्णबहादुर वलीले युवालाई स्वदेशमै रोजगारी र उद्यमसँग जोड्ने कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याए। उनले अधुरा विकास आयोजना समयमै सम्पन्न गराउन, असारे विकासको प्रवृत्ति अन्त्य गर्न तथा विकास निर्माणको गुणस्तरमा ध्यान दिन गाउँपालिकालाई आग्रह गरे।

शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै पछाडि परेका महिला, बालबालिका तथा जोखिममा रहेका समुदायका लागि थप लगानी आवश्यक रहेको उनको भनाइ थियो।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोपाल शाहीले सार्वजनिक सुनुवाइबाट प्राप्त सुझावलाई आगामी योजना तथा कार्यक्रममा समेटिने बताउँदै सेवा प्रवाहमा देखिएका कमजोरी सुधार गर्दै जनअपेक्षाअनुसार काम गरिने प्रतिबद्धता व्यक्त गरे।

गाउँपालिका अध्यक्ष शेरबहादुर शाहीले नागरिकको आवश्यकता र चाहनालाई आधार बनाएर विकास योजना अघि बढाइने बताए। यसैबीच, मुगुको सोरू गाउँपालिका पाँचका कालै र लिह्नु गाउँमा पनि सार्वजनिक सुनुवाइमार्फत चालु आर्थिक वर्षका विकास कार्यक्रम सार्वजनिक गरिएको छ। आइएनएफ मुगुका अनुसार आर्थिक वर्ष २०८२/८३ मा क्षमता विकास, आयआर्जन, सिँचाइ, आधुनिक कृषि, स्वच्छ खानेपानी र सरसफाइलगायत कार्यक्रममा ५६ लाख ५४ हजार एक सय ८५ रुपैयाँ खर्च गरिएको छ। सहजकर्ता सरिता शाहीले सार्वजनिक सुनुवाइले पारदर्शिता, जवाफदेहिता र जनसहभागिता सुदृढ बनाउन सहयोग पुगेको बताए।


डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# खेतबारीमा काम गर्दा हातखुट्टा हिलोले खाए के गर्ने ? लापरबाही भए क्यान्सरको जोखिम

काँक्रेविहार संवाददाता
काठमाडौं, २४ असार

वर्षायाममा थुप्रै मानिस हात, खुट्टाका औंलाका कापमा घाउ हुने समस्याबाट पीडित हुन्छन् ।

खासगरी खेती किसानीमा लाग्नुपर्नेलाई यो समस्याले बढी सताउने गर्छ । त्यसैले यसलाई बोलीचालीको भाषामा हिलोले खानु भनिन्छ ।

हिलोले खाँदा खुट्टाको औँलाको कापमा घाउ हुनुका साथै चिलाउनु, पानी/पिप बग्नु, सुन्निनु, फोका आउनु, छाला उप्किनु, दुर्गन्धित हुनुलगायत समस्या देखिन्छन् ।

चिकित्सकीय भाषामा भन्ने हो भने यो समस्या फङ्गस अर्थात् ढुसी र ब्याक्टेरिया (जीवाणु) को संक्रमणले गर्दा हुन्छ ।

यतिबेला अस्पतालहरूमा पनि हिलोले खाने, एलर्जी, फंगश लगायतका छाला सम्बन्धी समस्या लिएर आउने बिरामीहरूको संख्या बढिरहेको चिकित्सक बताउँछन् ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकुमा कार्यरत छाला तथा यौनरोग विशेषज्ञ डा. सुधिर बानियाँका अनुसार अहिले लुतोभन्दा पनि फङ्गल इन्फेक्सन र डर्मटाइटिसका बिरामीहरू बढी आउने गरेका छन् ।

'चिकित्सकीय भाषामा भन्ने हो भने हिलोले खाने समस्या फङ्गस अर्थात् ढुसी र ब्याक्टेरिया (जीवाणु) को संक्रमणका कारण हुने गर्दछ,' डा. बानियाँले भने- 'यो विशेष गरी फोहोर पानीको निरन्तर सम्पर्कमा आउनाले, स्थान विशेषमा हुने घर्षण र खुम्चिएको छालाका कारण हुने गर्छ । पानी जमेको फोहोर ठाउँमा लामो समय काम गर्दा खुट्टाका औंलाका कापहरूमा यो संक्रमण तीव्र गतिमा फैलिन्छ ।'

**हिलोले खाँदा देखा पर्ने लक्षण**

हिलोले खाँदा खुट्टाको औँलाको कापमा सामान्य चिलाउनेदेखि लिएर विभिन्न जटिल लक्षणहरू पनि देखिने उनले बताए ।

सामान्यतया औँलाको कापको छाला उप्किनु र घाउ हुनु, अत्यधिक चिलाउनु र पोल्नु, घाउ भएको ठाउँबाट पानी वा पिप बग्नु , खुट्टा तथा औँलाहरू सुन्निनु, साना-साना फोकाहरू आउनु र संक्रमण बढेर गनाउनेजस्ता लक्षणहरू देखिन्छन् ।

कतिपयले यसलाई सामान्य समस्या मानेर उपेक्षा गर्ने गर्छन् । तर, समयमै हेरचाह र उपचार नगरिए यसले गम्भीर रूप लिएर छालाको दीर्घकालीन समस्या जस्तै क्यान्सरसम्म हुन सक्ने उनको भनाई छ ।

सुरुवाती चरणमा छालाको माथिल्लो भागमा मात्र देखिने यो संक्रमण बिस्तारै बढ्दै जाँदा छालाको पत्र नै छिचोलेर भित्री भागसम्म पुग्छ । जब संक्रमण भित्र जान्छ, त्यसले गम्भीर इन्फेक्सन र ठूलो घाउको रूप लिने सम्भावना बढी हुन्छ । कतिपय अवस्थामा यसले अन्य ब्याक्टेरियल संक्रमण (जस्तै सेलुलाइटिस) को खतरा समेत बढाउँछ उनले भने ।

**के छ प्राथमिक उपचार ?**

डा. बानियाका अनुसार सुरुवाती अवस्थामा अस्पताल नै धाइहाल्नु पर्दैन, घरमै विशेष सरसफाइ र केही घरेलु उपाय अपनाएर यसलाई सजिलै निको पार्न सकिन्छ ।

# बालेन-व्यवसायी पहिलो भेटमा खुलस्त छलफल : धरपकड गर्दैनौँ, निजी क्षेत्रले अर्थतन्त्र हाँकोस्

काँक्रेविहार संवाददाता
काठमाडौं, २४ असार

प्रधानमन्त्री वालेन्द्र शाहसँगको अन्तर्क्रियापछि उद्योगी व्यवसायीहरु उत्साहित भएका छन् । सरकारसँग निजी क्षेत्रको क्रमशः दूरी बढ्न थालेपछि प्रधानमन्त्री शाहले निजी क्षेत्रका प्रतिनिधिहरुसँग पहिलोपटक संवाद गरेका हुन् । प्रधानमन्त्रीसँग संवादका लागि उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठ, महासंघकै उद्योग समितिका सभापति उज्ज्वलकुमार श्रेष्ठ, नेपाल उद्योग परिसंघका निवर्तमान अध्यक्ष राजेशकुमार अग्रवाल र महानिर्देशक डा घनश्याम ओझा, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवाल र वरिष्ठ उपाध्यक्ष दीपक मल्होत्रा बुधबार प्रधानमन्त्री कार्यालय पुगेका थिए । प्रधानमन्त्रीसँग उद्योगी व्यवसायीको भेटको वातावरण राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की सांसद तथा व्यवसायी विदुषी राणाले मिलाएकी थिइन् । राणा नेपाल उद्योग परिसंघ (सीएनआई)की सदस्य पनि हुन् । प्रधानमन्त्री शाहले पनि उद्योगी व्यवसायीहरुलाई आफ्नै कार्यकक्षमा राखेर छलफल गरेका थिए । नेपाल उद्योग वाणिज्य महासंघका उद्योग समितिका सभापति उज्ज्वलकुमार श्रेष्ठले प्रधानमन्त्रीसँग अनौपचारिक रुपमै खुलस्त छलफल गर्न चाहेको बताएका थिए । श्रेष्ठलाई जवाफ दिँदै प्रधानमन्त्री शाहले भनेका थिए, 'अनौपचारिक कुराकानी होस् भनेर नै मैले कार्यकक्षमै तपाईंहरुलाई बोलाएको हुँ । बैठक कक्षमा बस्दा बढी औपचारिक भइन्छ ।' त्यसपछि व्यवसायीहरुले खुलेर आफ्ना विषय राखेका थिए । प्रधानमन्त्रीसँग भेट्न नपाएको, निजी क्षेत्रको मनोबल खस्किएको, धरपकड गरेको, बजारमा माग खुम्चिएको, उद्योग चलाउन भएको समस्या, अधिकतम खुद्रा मूल्यको विवाद, जग्गाको हदबन्दीदेखि राष्ट्र बैंकले मंगलबार जारी गरेको मौद्रिक नीतिससम्मका विषयमा खुलेर व्यवसायीहरुले आफ्ना कुरा राखेका थिए । उद्योगी व्यवसायीले आफ्ना कुरा राख्दै गर्दा प्रधानमन्त्री शाहले छलफललाई अन्तर्क्रियात्मक बनाएका थिए ।

## 'झोलाविहीन शुक्रवार'

# कार्यक्रम प्रदेशभर विस्तार



काँक्रेविहार संवाददाता
सुर्खेत, २४ असार

कर्णाली प्रदेश सरकारले सामुदायिक विद्यालयमा सञ्चालन गर्दै आएको 'झोलाविहीन शुक्रवार' कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिने भएको छ ।

कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश सरकारले ३० लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । विद्यालय शिक्षालाई व्यावहारिक, सीपमूलक र जीवनोपयोगी बनाउने उद्देश्यका साथ सुरु गरिएको यो कार्यक्रम प्रदेशभर विस्तार गरिएको हो ।

आर्थिक मामिला तथा योजना मन्त्री राजीवविक्रम शाहका अनुसार गत आर्थिक वर्ष २०८१/०८२ मा परीक्षणका रूपमा सुरु गरिएको कार्यक्रम प्रभावकारी देखिएपछि आगामी वर्ष पनि बजेट तथा कार्यक्रममा समावेश गरिएको हो । यसअन्तर्गत हरेक शुक्रवार विद्यार्थीलाई नियमित पाठ्य पुस्तकभन्दा बाहिरका व्यवहारिक ज्ञान र सीप सिकाइनेछ ।

सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुख सुवर्ण खड्काले विद्यार्थीलाई कृषि तथा सहरी खेती, पाककला, काष्ठकला, फेसन डिजाइन, सौन्दर्यकला, तार तथा विद्युत् जडान, प्लम्बिङ, मोबाइल तथा विद्युतीय सामग्री मर्मत, विपद् पूर्वतयारी, रैथाने कला तथा सरसफाइजस्ता विषयमा प्रयोगात्मक सिकाइ प्रदान गरिने जानकारी दिए ।

स्थानीय स्रोत-साधनको प्रयोग, दुनाटपरी र नाङ्लो बनाउने, घर लिपपोत गर्ने तथा विद्यालय सरसफाइसम्बन्धी गतिविधिलाई पनि कार्यक्रममा समेटिएको छ ।

गत वर्ष सुर्खेतका चार स्थानीय तहका आठ विद्यालयमा परीक्षणका रूपमा सञ्चालन गरिएको कार्यक्रम चालु वर्षदेखि प्रदेशभरका सामुदायिक विद्यालयमा विस्तार गरिएको मन्त्रालयले जनाएको छ ।

माध्यमिक तहका विद्यार्थीलाई लक्षित गरी सञ्चालन हुने यस कार्यक्रमले उनीहरूमा सिर्जनशीलता, आत्मविश्वास र व्यावसायिक सीप विकासमा टेवा पुग्ने विश्वास गरिएको छ ।

अमरज्योति माध्यमिक विद्यालयका प्रधानाध्यापक खगेन्द्र थापाले 'झोलाविहीन शुक्रवार' कार्यक्रमले विद्यार्थीलाई किताबमा सीमित नराखी व्यवहारिक ज्ञानसँग जोडेको बताए । उनका अनुसार परियोजनामूलक सिकाइ, खेलकुद, कला, संगीत, साहित्य तथा शैक्षिक अवलोकन भ्रमणजस्ता गतिविधिले विद्यार्थीको क्षमता अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

प्रदेश सरकारले यो कार्यक्रमले भविष्यमा सीपयुक्त, आत्मनिर्भर र रोजगारीमुखी जनशक्ति उत्पादनमा सहयोग पुग्ने अपेक्षा गरेको छ ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०३/२५**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री धनपती थापा** धनी रहेको, **दर्ता नम्बर** ५२१३/०७५/०७६ बाट **पञ्चपुरी-३ सुर्खेत** मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **संसार सशक्ति पोल्ट्री फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)